# व्यक्तिगत घटना दर्ता गरौ

घटना घटेको ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा गई निःशुल्क घटना दर्ता गरौ

## घटना दर्ता कसले गर्ने

- जन्म तथा मृत्युको दर्ता परिवारको मुख्य व्यक्तिले
- विवाह तथा सम्बन्ध बिच्छेद घटना पति पत्नी दुवैले
- बसाइ सराइको घटना परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सरि जाने व्यक्तिले

## समाज र राष्ट्र लाई हुने फाइदा

- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्न मद्धत मिल्ने
- शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवा उपलब्ध गराउन मद्धत मिल्ने
- खाधान्न कार्यक्रम संचालन गर्न सहयोग हुने
- आवासको व्यवस्था गर्न सहयोग हुने

## व्यक्तिलाई हुने फाइदा

- घटना दर्ताको प्रमाणपत्र लाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने
- आमा, बाबु, उमेर आदिको वैधानिक प्रमाण हुने
- स्कुलमा भर्ना हुनको लागि सजिलो पर्ने नागरिकता प्रमाणपत्र लिन सजिलो हुने
- नाता कायम गर्न सजिलो हुने
- चल अचल सम्पति नामसारी गर्न सजिलो पर्ने
- पति पत्नी बीच वैधानिक सम्बन्ध कायम हुने
- जीवन बीमा, पेन्सन, उपदान वा बैंकबाट रकम झिक्न सुबिधा हुने
- विदेश जानको लागि भिसा प्राप्त गर्न सुबिधा हुने

हेटौंडा उपमहानगरपालिका कार्यालय